# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, फागुन १५ गते, २०८१ साल (संख्या ५९


## भाग ३

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

**<u>विशेष आर्थिक क्षेत्र (दोस्रो संशोधन) नियमावली, २०८१</u>**

विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यी नियमहरूको नाम "विशेष आर्थिक क्षेत्र (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ को नियम ११ मा संशोधनः** विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को उपनियम (१) मा रहेका "कम्तीमा पैंतालीस" भन्ने शब्दहरुको सट्टा "कम्तीमा तिस" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको नियम १४ मा संशोधनः** मूल नियमावलीको नियम १४ को उपनियम (९) मा रहेका "तीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल नियमावलीको नियम ३१ मा संशोधनः** मूल नियमावलीको नियम ३१ को ठाउँ-ठाउँमा रहेका "एकद्वार इकाई" भन्ने शब्दहरूको सट्टा "एकद्वार इकाई वा प्रचलित कानून बमोजिम उद्योग दर्ता गर्ने निकाय" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल नियमावलीको नियम ३२ मा संशोधनः** मूल नियमावलीको नियम ३२ को,-

(१) उपनियम (१) मा रहेका "नियम ३१ बमोजिम उद्योग दर्ताको कार्य सम्पन्न भएको पन्ध्र दिनभित्र" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (२) को खण्ड (ट) झिकिएको छ।

**आज्ञाले,**

**कृष्ण बहादुर राउत**

**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।